"सुन्दर हरियाली र सफा शहर, समृद्ध र समुन्नत बाँसगढी नगर"

## बाँसगढी नगरपालिका बर्दियाको तेस्रो नगर परिषद्मा प्रमुख एवं कार्यकारी अधिकृत श्री बखत बहादुर खड्का ज्यूले प्रस्तुत गर्नुभएको आ.व. ०७४/०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

**स्थानः- बाँसगढी सामुदायिक पुस्तकालय तथा नगर सूचना केन्द्र परिसर**
**मितिः- २०७३/०९/२८ गते विहिवार**

आदरणीय प्रमुख अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री श्याम प्रसाद ढकाल ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री संजय कुमार गौतम ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री सन्त कुमार थारु ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री मान बहादुर थारु ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री निर्मल प्रकाश सुवेदी ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री लिला राना ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री गोपाल दहित ज्यू,
विशिष्ट अतिथी माननीय व्यवस्थापिका संसद सदस्य श्री कासिम अलि सिद्धिकि ज्यू,
विशेष अतिथी श्रीमान् प्रमुख जिल्ला अधिकारी विष्णु बहादुर थापा ज्यू,
विशेष अतिथी बर्दिया जिल्लाका सभापति एवं श्रीमान् स्थानीय विकास अधिकारी तेजराज शर्मा ज्यू,
विशेष अतिथी बर्दिया जिल्ला स्थित विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु,
बर्दिया जिल्ला स्थित विभिन्न नगरपालिकाका प्रमुख एवम् कार्यकारी अधिकृत ज्यूहरु,
इलाका प्रशासन कार्यालयका प्रमुख ज्यू,
पूर्व जिविस सदस्य ज्यूहरु,
नगरपालिका स्थित राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु,
नगरपालिका स्थित विभिन्न विषयगत सरकारी कार्यालयका प्रमुख ज्यूहरु,
क्याम्पस प्रमुख ज्यूहरु,
नगर स्थित सुरक्षा निकायका प्रमुख ज्यूहरु,
छिमेकी गा.वि.स अध्यक्ष एवम् सचिव ज्यूहरु ,

पत्रकार महासंघ जिल्ला सभापति ज्यू,
बाँसगढी उद्योग वाणिज्य संघ अध्यक्ष ज्यू,
पूर्व जनप्रतिनिधि ज्यूहरु,
स्रोतव्यक्ति, प्राचार्य ज्यूहरु, प्रधानाध्यापक ज्यूहरु, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख ज्यूहरु,
नगरपालिकास्थित विभिन्न सञ्जालका पदाधिकारी ज्यूहरु,
वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र,
नगरपालिकाका विभिन्न समितिका पदाधिकारीज्यूहरु,
आमन्त्रित समाज सेवी, बुद्धिजिवि, शिक्षक, ज्येष्ठ नागरिक, बडघर, संचारकर्मी, उद्योगी, व्यापारि, युवा, कर्मचारी लगायत उपस्थित आदरणीय सम्पुर्ण नगरवासीहरु

आज हामी यस नगरपालिकाको भावि योजना सहितको तेस्रो नगरपरिषद् सम्पन्न गर्न गै रहेका छौं । यस तेस्रो नगरपरिषद्को गरिमामय घडीमा आफ्नो अमुल्य समयको प्रवाह नगरी हाम्रो आमन्त्रणलाई स्विकार गरेर यहाँ उपस्थित हुनुहुने प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यूहरु, विशेष अतिथी ज्यूहरु, अतिथी ज्यूहरु लगायत सम्पुर्ण महानुभावहरुमा म आफ्नो व्यक्तिगत तर्फबाट र नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । यो नगरपालिका स्थापना भएको तेस्रो वर्षको सम्मानित सभामा यहाँहरु समक्ष यस नगरपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्ष एवम् गर्व महशुस गरेको छु ।

यस क्षणमा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनताको हक र अधिकारको लागि आफ्नो अमुल्य जीवन आहुति गर्नु भएका सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस नगरको परिकल्पना, विकास र

समुन्नतीको लागि विगत र वर्तमानमा भुमिका खेल्नुभएका सम्पुर्ण क्षेत्रका व्यक्तित्वहरुको योगदानको उच्च कदर एवम् प्रशंसा गर्न चाहन्छु ।

वि.सं २०७१।०८।१६ गते घोषणा भएको यस नगरपालिका ऐतिहासिक, धार्मिक, भाषिक, प्राकृतिक, कृषी भण्डार, पर्यटकिय सम्पदाहरुले भरिपुर्ण प्रचुर सम्भावना बोकेको नगरपालिका रहेको छ तथापी समस्या र चुनौतीहरु पनि रहेका छन् ।

निर्वाचित जनप्रतिनिधि नरहेको अवस्था, ठूलो भौगोलिक क्षेत्रफल, बढ्दो जनसंख्या र असिमित आवश्यकता, उपलब्ध स्रोत र साधनको सिमितता, न्यून आन्तरिक आय, विकासमा जनसहभागिताको कमि को बाबजुद उपलब्ध स्रोत र साधनको सबै क्षेत्र र वर्गमा विनियोजन गर्ने प्रयास गरिएको छ । भोगोलिक हिसाबले यो नगरपालिका बर्दिया जिल्लाको सबैभन्दा ठूलो नगरपालिका रहेको र यसको अधिकांश क्षेत्र ग्रामिण प्रकृतिको रहेकोले सिमित साधन, स्रोत र असिमित आवश्यकता बीच तालमेल मिलाई अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका बीच पुऱ्याउने कोशिस गरिएको छ । यस नगरस्थित पिछडिएका जाती, जनजाती, दलित, उत्पीडित महिला, बालबालिका, मधेशी, मुश्लीम, आदीबासी, सुकुम्बासी र मुक्त कमैया आदीका क्षेत्रमा आ.व ०७४/७५ को बजेट विनियोजन गर्ने प्रयास गरिएको छ । यस सन्दर्भमा प्रशासनिक काम कार्यवाहि छिटो छरितो बनाउने प्रयास जारी छ । यसलाई ससक्त बनाउन एकिकृत योजना तर्जुमा समितिको निर्णय, राजनैतिक दलहरुको सुझाव र प्रशासनिक खर्चको भार आफ्नै श्रोतबाट धान्न सकिने गरि जनशक्ति व्यवस्थापन गर्ने नीति लिइएको छ ।

यस नगरपालिकाको शुरुवातको अभ्यास भएकोले केहि चुनौतिहरु जस्तो :- ठूलो भौगोलिक क्षेत्र, बढी जनसंख्या, आन्तरिक आयश्रोत वृद्धि गर्नुपर्ने, सिमित जनशक्तिबाट सेवा प्रवाह र विकास निर्माण गर्नुपर्ने, न.पा.को संस्थागत र भौतिक पूर्वाधार विकास गर्नुपर्ने, योजनाबद्ध शहरी पूर्वाधारको विकास गर्नुका साथै सरोकारवाला निकायहरुसंग समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आदि चुनौतिहरु रहेका छन् । हामी सबै नगरवासीहरुले नगरपालिका प्रति सकारात्मक सोंच, समुन्नत नगरपालिकाको परिकल्पनाका साथ आ-आफ्नो क्षमता अनुसार योगदान र विकासमा सक्रिय सहभागिता कायम राखेमा यस्ता चुनौतिहरु पक्कै पनि समाधान हुनेछन् ।

आदरणीय महानुभावहरु,

नगरवासीहरुको आवाज, प्राथमिकता र अधिकारलाई समुचित रुपमा विकास गर्न सकिएमा नगरपालिका नगरवासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **"सुन्दर, हरियाली र सफा शहर, समृद्ध र समुन्नत बाँसगढी नगर"** भन्ने मुल परिकल्पनाको साथ म यहाँहरु समक्ष संक्षिप्त रुपमा वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु ।

## नीति तथा कार्यक्रम

### बजेट तथा योजना तर्जुमाका आधारहरु

- नेपालको वर्तमान संविधान,
- चालु चौधौं योजना ।
- स्थानीय स्वात्त शासन ऐन, २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४,
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ र न्युनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधिले निर्दिष्ट गरेको व्यवस्थाहरु ।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र कार्यान्वयन कार्यविधि २०६८
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त कार्यसम्पादन सम्झौता ।
- राजनीतिक दल, विषयगत कार्यालय, निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
- वडा नागरिक मञ्च, वडास्तरीय भेला, एकिकृत योजना तर्जुमा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रकृया द्धारा आएका आयोजना तथा कार्यक्रमहरु ।
- बाँसगढी नगर क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौति र वस्तु स्थितिको अवस्था विश्लेषण ।

### आगामी आ.व.को बजेटका विशेषता तथा प्राथमिकताहरु

- न.पा. को नगर यातायात गुरुयोजना, वृहत नगर विकास योजना तयार गरि सो र आवधिक जिल्ला विकास योजनाको आधारमा वार्षिक योजना तयार गरि योजनावद्ध तरिकाले कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दै लैजाने ।
- न.पा कार्यालय तथा संयुक्त वडा कार्यालय व्यवस्थापन, संचालन, श्रोत साधन व्यवस्थापन र कर्मचारी व्यवस्थापन लाई

प्राथमिकतामा राखिएको ।

- बस्ती तथा वडास्तरीय भेला, एकिकृत योजना तर्जुमा समिति हुँदै सहभागितामुलक तरिकाले आएका योजना/कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ ।
- बालमैत्री एवं वातावरण मैत्री स्थानीय शासन, लैङ्गिक, सामाजिक, समावेसीकरणमा आधारित आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ ।
- नगर स्तरीय श्रोत नक्सा तयारि, सडक मापदण्ड, भु-उपयोग योजना, फोहरमैला व्यवस्थापन कार्य, सार्वजनिक, ऐलानि, पर्ति जग्गा तथा ताल तलैया संरक्षण, हरियालि प्रवर्द्धन, भवन निर्माण मापदण्ड एवं भवन संहिता कार्यान्वयनलाई प्राथमिकता दिईएको छ ।
- निजी क्षेत्र संग सहकार्य गरी न.पा.ले लगाउन सक्ने र उठाउन पाउने कर तथा गैर कर राजश्वका क्षेत्रहरुको पहिचान, संकलन, व्यवस्थापन गरी आन्तरिक र वाह्य श्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिईएको ।
- नगरपालिकाको न्युनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरु पूरा गर्ने ।
- राजश्व परिचालन, सडक बत्ति व्यवस्थापन, ऐतिहासिक र धार्मिक, भाषा, संस्कृति, कला को संरक्षण र संवर्द्धनमा जोड दिईएको ।

**<u>अवलम्बन गरिएका क्षेत्रगत नीतिहरु</u>**

**क) सामाजिक विकास**

**लक्षित वर्ग**

- निर्णय प्रक्रिया, सहभागितामूलक योजना तर्जुमा र आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, आदीबासी जनजाति, दलित, मधेशी, मुश्लिम, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, ज्येष्ठ नागरिक तथा विपन्न एवं पिछडा वर्गहरुको सहभागितामा जोड दिईनुको साथै सामाजिक कुप्रथालाई निरुत्साहित गर्न विशेष पहल गरिनेछ ।
- महिलाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आयमुलक र सिप मुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी आत्म निर्भर बनाईने नीति लिईनेछ ।
- नगर स्तरीय महिला समन्वय समितिलाई क्रियासिल गरिनेछ ।
- बालक्लबहरुको संस्थागत क्षमता विकास गरिनेछ ।
- बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- लक्षित कार्यक्रममा छुट्याईएको बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष जोड दिईनेछ ।
- सहरी गरिवि न्युनिकरण गर्न नागरिक सचेतना केन्द्र मार्फत घुम्ती कोष संचालन गरिनेछ ।
- टोल विकास संस्थाको गठन गरी क्रियाशिल बनाईनेछ ।
- महिला मैत्री, बाल मैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गर्ने नीति लिईनेछ ।
- जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिक लाई लक्षित गरि विश्राम स्थलको निर्माण तथा व्यवस्थापनका साथै ज्येष्ठ नागरिकलाई सम्मान र आदर गर्ने नीति लिइनेछ ।
- ज्येष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउन घुम्ती सेवा संचालन गरिनेछ ।

**<u>ख) शिक्षा</u>**

- नगरको शैक्षिक स्तरलाई उत्कृष्ट रुपमा विकास गर्न शैक्षिक संस्थाहरुको भौतिक, आर्थिक तथा शैक्षिक सुधार गर्न पहल गरिनेछ ।
- लक्षित समुहका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ ।
- विद्यालयहरुको भौतिक पुर्वाधारको विकासको लागि रकम विनियोजन गर्दा विद्यालय सुधार योजनाको आधारमा मात्र उपलब्ध गराईने नीति लिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा भौतिक र शैक्षिक सामाग्री उपलब्ध गराउन सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक सुधार गरिनेछ ।
- नगरपालिकालाई पूर्ण साक्षर घोषणाका लागि आवश्यक पूर्वाधार तयार गर्न कार्यक्रम संचालन गरिनेछ ।
- प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।
- नगर शिक्षा समिति गठन गरी क्रियाशिल बनाईनेछ ।

**<u>ग) स्वास्थ्य</u>**

- नगरमा सहरी स्वास्थ्य केन्द्रको अवधारणा अनुरुप जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको सहयोगमा यस नगरपालिकाको दमौली र थुमनीमा नगर स्वास्थ्य केन्द्र स्थापना भै संचालन भै रहेको र चालु आ.व मा वडा नं १ राँझामा सहरी स्वास्थ्य केन्द्र स्थापना गरिनेछ र नगरका अन्य वडामा समेत संचालन तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।

- ❖ यसै आ.व मा पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्न पहल गरिनेछ ।
- ❖ आधारभुत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृशिशु स्वास्थ्य सेवाको लागि विशेष सहयोग गरिनेछ
- ❖ एन्टि स्नेक भेनम केन्द्रको स्थापनको लागि पहल गरिनुको साथै थारु जातीमा देखिएको सिकल सेल एनिमिया रोगलाई नियन्त्रण गर्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

**घ) गैसस**

- ❖ विभिन्न क्षेत्रमा कार्यरत गैससहरु संग समन्वय गरी कार्यक्रममा दोहरोपना नहुने गरी समन्वयात्मक ढङ्गबाट कार्यक्रम संचालन गरिनेछ ।

**खेलकुद**

- ❖ खेल मैदान र खेलकुद पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिईनेछ ।

**पर्यटन संस्कृती**

- ❖ पर्यटन विकासको लागि पर्यटकिय स्थलहरुको विकास तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- ❖ यस नगरस्थित निर्माणाधिन ॐ केदारेश्वर धामको लागि आवश्यक सहयोग र पहल गरिनेछ ।
- ❖ छिमेकी गाविसमा रहेको बढैया ताल को पहिचान तथा प्रबर्द्धनको लागि प्रबेशद्धार निर्माण तथा प्रचार प्रसार गरिनेछ ।
- ❖ धार्मिक, ऐतिहासिक तथा पूरातात्विक स्थलहरुको खोज पहिचान, संरक्षण तथा प्रचार प्रसारको लागि पहल गरिनेछ ।
- ❖ परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

**ख) आर्थिक विकास**

**कृषि**

- ❖ नगर क्षेत्रमा पशुपालन, बबई सिंचाइ आयोजनाले नसमेटेको क्षेत्रमा सिंचाई बोरिङ्को निर्माण को लागि पहल गरी कृषि उत्पादन बढाउने कार्यमा जोड दिईनेछ ।
- ❖ नगर क्षेत्रमा निजी तथा सहकारी संस्थाहरुको समेत सहभागीतामा शित भण्डार स्थापनाको लागि पहल गरिनेछ ।
- ❖ नगरमा हाट बजार निर्माण, कृषी उपज संकलन केन्द्र निर्माणको लागि पहल गरिनेछ ।

**वन वातावरण भु-संरक्षण**

- ❖ विकास योजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालिलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकरात्मक असरलाई न्यून गर्न सो क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नगर क्षेत्रभित्र रहेका नदी, खोला, नाला, ताल सिमसार क्षेत्रहरुको अतिक्रमण र प्रदुषित रोकथाम गर्न संरक्षणका कार्यक्रमहरु लागू गरिनेछ ।
- ❖ नगर क्षेत्रभित्र रहेको वन क्षेत्रको संरक्षण कार्यमा पहल गर्नुको साथै उद्यान पार्क निर्माण एवं नगर क्षेत्रका सडकको दायाँ बायाँ वृक्षारोपण गरी हरियालि कायम गर्ने नीति लिईनेछ ।
- ❖ जलवायु अनुकूलन योजना बनाई कार्यान्वयन गरिनेछ ।

**उद्योग**

- ❖ उद्यमसिलताको विकास गर्न आयमुलक रोजगारिका कार्यक्रम संचालन गरी महिला, दलित, आदिवासी, जनजाति, पछाडि परेका समुदायलाई लघु उद्यममा सहभागि गराईनेछ । साथै बर्दिया जिल्ला उद्योग स्थापनाको लागि करमुक्त जिल्ला घोषणा भएको हुँदा ठूला तथा मझौला उद्योग स्थापनाको लागि प्रोत्साहित गरिनेछ ।
- ❖ सुविधायुक्त भवन र होटलहरुको निर्माणको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**ग) भौतिक पूर्वाधार विकास**

**खानेपानी तथा सरसफाई**

- ❖ नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भएको हुँदा पूर्ण सरसफाई कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ नगर क्षेत्र भित्र सुलभ रुपमा स्वच्छ खानेपानीको आपुर्तिमा सहयोग गरिनेछ र फोहरमैलाको व्यवस्थापनको लागि अस्थायी ल्यान्डफिल साइटको निर्माण कार्य भै रहेको र फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा संचालन गरि नगरलाई स्वच्छ र सफा राख्न सार्वजनिक नीजि साझेदारीको अवधारणामा विशेष जोड दिईनेछ ।
- ❖ Clean and Green Bansgadhi अभियान संचालन गरिनेछ ।

**विद्युत/उर्जा**

- ❖ जनसहभागितामा आधारित सौर्य सडक बत्तिको विस्तार गरी शहरी सौन्दर्य कायम गर्नुको साथै नगरको ग्रामिण क्षेत्रमा विद्युत लाईन विस्तारको लागि पहल गरिनेछ ।

**सडक**

- ❖ राष्ट्रिय राजमार्गसँग जोडिएका सहरी सडकहरुको विस्तार गर्नुको साथै नगरको एक अर्को वडा हुँदै छिमेकि गा.वि.स. लाई समेत जोडी सडक संजाल बनाउने र बाह्रै महिना आवतजावत सहज हुने गरी सडक मर्मत सुधारमा प्राथमिकता दिईनेछ ।
- ❖ अधुरा तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिइनेछ ।
- ❖ नगर चक्रपथको सम्भाव्यता अध्ययनको लागि पहल गरिनेछ ।
- ❖ नगरस्तरिय सडकलाई स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**आवास तथा शहरी विकास**

- ❖ शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा चालु आ.व मा वृहत नगर विकास योजना बनाई सो अनुसार योजनावद्ध शहरी विकास कार्य अगाडी बढाउन पहल गरिनेछ ।
- ❖ यस नगरपालिकाको सहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी भुकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यलाई जोड दिईनेछ ।
- ❖ भू-उपयोग नीति अन्तर्गत शहरी विकास मन्त्रालय संग समन्वय गरी एकिकृत वस्ती विकास कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- ❖ ढल निकास व्यवस्थाको लागि सम्बन्धित निकायमा आवश्यक पहन गरिनेछ ।
- ❖ नाप नक्सा हुन बाँकी रहेका जग्गाको डिजिटल सर्भे नापीको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै बबईको चेपाङ र नगर क्षेत्रभित्र रहेको सुकुम्बासी बस्तीलाई व्यवस्थित गर्ने तथा नगरपालिका भित्र रहेको नमुना बजारलाई न.पा को स्वामित्वमा ल्याई व्यवस्थापन गर्ने कार्यमा पहल गरिनेछ ।
- ❖ भूकम्प प्रतिरोधात्मक भवन निर्माणको लागि प्रोत्साहित गर्न डकर्मिहरुलाई तालिमको निरन्तरताका साथै जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बाँसगढी नगरपालिकामा हुनसक्ने जनसंख्या वृद्धि तथा बढ्दो सहरीकरणलाई मध्यनजर गरी न.पा क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उद्येश्यले जग्गा विकास कार्यक्रमलाई पहल गरिनेछ ।

**दिर्घकालिन पूर्वाधार**

- ❖ नगरसंग जोडिएका अन्य नगर वा गाँउलाई समेत ध्यानमा राखी नगर बस पार्क, नगर सभा गृह, शव दाह गृह, कभर्डहल, क्रिकेट मैदान, हाट बजार, पशु बधशाला, वृद्ध विश्रामस्थल, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहर प्रसोधन केन्द्र आदि जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।

**बजार केन्द्र**

- ❖ नगरको मुख्य बजार (Down town) तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालय तथा GIZ/cd- mun को प्राविधिक सहयोग लिई कार्यक्रम तर्जुमा गरिनेछ ।

**सुशासन**

**संगठन/पारदर्शिता**

- ❖ नगरपालिकाको दैनिक कार्य व्यवस्थित रुपमा संचालन गर्न निर्माणाधिन नगरपालिकाको कार्यालय भवन समयमै सम्पन्न गर्ने प्रयास गरिनेछ । कार्यालयको सेवा प्रवाहलाई चुस्त दरुस्त बनाई सेवाग्राहि मैत्री बनाईनेछ ।
- ❖ कर्मचारीको सुविधा र सेवा प्रवाहको व्यवस्थापनको लागि विनियम, कार्यविधि, निर्देशिका तयार गरी लागु गरिसकिएको हुँदा कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- ❖ नगरपालिकाको नागरिक बडापत्रलाई परिमार्जन गर्नुको साथै क्षेतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

**योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मुल्याङ्कन**

- ❖ यस नगरपालिकाका ११ वडा मध्ये १० वटा वडाहरुमा वडा नागरिक मंच गठन भै योजना छनौट, कार्यान्वयन तथा अनुगमन कार्यलाई सहज बनाएको छ ।
- ❖ नगरभित्र संचालन हुने योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्कन गरी आयोजनाको गुणस्तर कायम गरिनेछ ।

**सुचना तथा संचार**

- ❖ नगरपालिकाको वेभ साईटलाई अद्यावधिक गरिनेछ ।
- ❖ नगर सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ गरिनेछ ।

**कर्मचारी व्यवस्थापन**

- ❖ नगरपालिकाको बढ्दो जनसंख्या, ठूलो भौगोलिक क्षेत्र र प्रशासनिक कार्यबोझ बढी भएतापनि आन्तरिक आय र प्रशासनिक खर्चको सिमालाई मध्य नजर गरी क्रमश : पदपूर्ति गर्दै आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । संयुक्त वडा कार्यालयहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- ❖ कर्मचारीको मनोबल उच्च पार्ने नीति लिईनेछ ।

**<u>राजश्व र लेखा</u>**

- ❖ आन्तरिक आय वृद्धि को लागि एकिकृत सम्पत्ति कर आगामी आ.व ०७४/७५ देखि कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ व्यवसाय कर को लगत व्यवस्थित गरी निजी क्षेत्रसँगको सहकार्यमा कर संकलन गरिनेछ ।
- ❖ अपाङ्गता, असहाय, असक्त, दैवि प्रकोप पिडित, द्वन्द पिडित, ज्येष्ठ नागरिक (७० वर्ष माथि) का लाई सिफारिस निशुल्क गरिनेछ ।
- ❖ राजश्व सम्बन्धी लेखा र अभिलेखलाई चुस्त बनाई राजश्व शाखाको भौतिक सुधार गरी सुदृढ गरिनेछ ।
- ❖ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ ।
- ❖ राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनका आधारमा आन्तरिक आय वृद्धि गर्न पहल गरिनेछ ।

**आदरणीय महानुभावहरु,**

अब म माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको आधारमा आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस चालु आ.व.को मंसिर मसान्त सम्म गत वर्षको जिम्मेवारी सरेको रु.५०,९१,४७६।३७ , आन्तरिक आय रु २९,४५,८९०।२३ तथा नेपाल सरकारको चालु अनुदान रु.२७,००,०००।- पूँजिगत रु. १,५०,००,०००।- भवन निर्माण अनुदान रु. ४५,००,०००।- समाजिक सुरक्षा अनुदान रु.२,७२,७२,०००।- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP ) रु. ३,२०,०००।- गरी जम्मा रु ५,७८,२९,३६६।६० आम्दानी भएको छ ।

यस चालु आ.व.को मंसिर मसान्तसम्म चालु खर्च रु.३८,११,०४२।-, पूँजिगत खर्च रु.१७,८७,१३४।००, सामाजिक सुरक्षा भत्ता रु. २,०९,१४,८००।-, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP ) रु.४,६१,७००।- गरी जम्मा रु.२,६९,७४,६७६।- खर्च भएको छ ।

यस चालु आ.व.को लागि चालु खर्च र पुँजिगत खर्चमा केहि शिर्षकहरुमा थप घट र संशोधन गर्नुपर्ने भएकोले चालु आ.व.मा विनियोजित बजेट रु. ८,२७,९७,०००।- संशोधन गरी जम्मा रु. १७,७४,४९,४७६।३७ बजेट कायम गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

आगामी वर्ष ०७४/०७५ का लागि संक्षिप्त बजेट प्रस्तुत गरेको छु । आय तर्फ आन्तरिक श्रोत बाट रु.१,२२,७०,०००।०० तथा राजश्व बाँडफाँडबाट रु.४९,००,०००।-, नेपाल सरकारबाट प्राप्त हुने चालु अनुदान रु.४५,१०,०००। र पुँजिगत अनुदान रु ८,४६,३३,०००।-, सामाजिक सुरक्षा रु.६,५०,००,०००।- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु.२५,००,०००।, सडक बोर्ड रु.४५,००,०००।००, अन्य निकाय अनुदान रु.१५,३०,०००।००, जम्मा रु १७,९८,४३,०००।- अनुमान गरिएको छ ।

व्यय तर्फ प्रशासनिक खर्च रु.१,२०,६५,०००।-, अन्य अनुदान खर्च रु.६,३०,०००।-, सामाजिक सुरक्षा रु.६,५०,००,०००।-, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु.२५,००,०००-।, पूँजिगत तर्फ रु. ९,९६,४४,८००।- गरी जम्मा रु. १७,९८,४३,०००।-अनुमान गरिएको छ ।

अन्तमा, तेश्रो नगर परिषद् समारोहलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको समग्र विकासमा सहयोग पुऱ्याउने प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यूहरु, विशेष अतिथी ज्यूहरु, अतिथि ज्यूहरुबाट गहन मार्गनिर्देशन एवं रचनात्मक सुझावहरु प्राप्त हुनेछन् र उक्त मार्गनिर्देशन एवं सुझावहरुलाई मनन् गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु । नगरको समग्र विकास अभियानमा सम्वेदनशील भै सहयोग गर्नुहुने सबै राजनितिक दलका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु, नगरपालिका सर्वदलीय संयन्त्रका पदाधिकारीहरु, सरकारी कार्यालय एवं सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, उद्योग वाणिज्य संघ, समाज सेवी, बुद्धिजीवी, शिक्षक, पत्रकार मित्र लगायत समस्त नगरवासी दाजुभाई दिदिबहिनी र सम्पूर्ण कर्मचारी साथीहरुमा हार्दिक कृतज्ञता एवम् धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद, नमस्कार ।

# बाँसगढी नगरपालिका कार्यालय

## बाँसगढी, बर्दिया

## आ.व.२०७४/०७५ को स्विकृत आय व्यय सारांश

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि. नं. | आय शिर्षक | आय अनुमान रु. | सि. नं. | व्यय शिर्षक | विनियोजित रकम रु. |
| १ | स्थानिय कर आम्दानी | ५६,७५,०००।०० | १ | उपभोग खर्च | ९०,४५,०००।०० |
| २ | सेवा शुल्क | २६,३५,०००।०० | २ | कार्यालय संचालन खर्च | २३,२०,०००।०० |
| ३ | दस्तुर | २८,१०,०००।०० | ३ | सेवा खर्च | ७,००,०००।०० |
| ४ | श्रोत परीचालन | ४०,०००।०० | ४ | सामाजिक सेवा अनुदान | १,००,०००।०० |
| ५ | अन्य आय | ११,१०,०००।०० | ५ | राजश्व फिर्ता खर्च | २,५०,०००।०० |
| ६ | नेपाल सरकारबाट अनुदान | १५,६६,४३,०००।०० | ६ | समपुरक कोष | ६०,००,०००।०० |
| ७ | सडक बोर्ड नेपाल | ४५,००,०००।०० | ७ | सौर्य सडक बत्ति कार्यक्रम | ३०,००,०००।०० |
| ८ | जि.वि.स(राजश्व बाडफाड) | ४९,००,०००।०० | ८ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | २,०९,६०,०००।०० |
| ९ | जि.वि.स योजना अनुदान | ५०००००।०० | ९ | सडक बोर्ड नेपाल | ४५,००,०००।०० |
| १० | अन्य अनुदान | ३०,०००।०० | १० | LGCDP कार्यक्रम खर्च | २५,००,०००।०० |
| ११ | बैंक अल्या | १०,००,०००।०० | ११ | न.पा. भवन निर्माण | १,००,००,०००।०० |
| | | | १२ | ठूला पूर्वाधार विकास कार्यक्रम | २,००,००,०००।०० |
| | | | १३ | भौतिक पूर्वाधार विकास कार्यक्रम | १,१५,००,०००।०० |
| | | | १४ | प्रर्वद्धनात्मक कार्यक्रम | २८,६०,०००।०० |
| | | | १५ | लक्षित समुह महिला विकास कार्यक्रमहरु | २३,९३,०००।०० |
| | | | १६ | लक्षित समुह बालबालिका विकास कार्यक्रमहरु | ३५,९०,०००।०० |
| | | | १७ | अन्य लक्षित समुह विकास कार्यक्रमहरु | ३५,९०,०००।०० |
| | | | १८ | आन्तरिक तर्फ (समपुरक कोष ,विशेष कोषहरु र योजना कार्यक्रमहरु ) | १,०२,६५,०००।०० |
| | | | १९ | जि.वि.स योजना कार्यक्रम | ५,००,०००।०० |
| | | | २० | शान्ति समिति | ३०,०००।०० |
| | | | २१ | सामाजिक सुरक्षा कार्यक्रम | ६,५०,००,०००।०० |
| | | | २२ | आयोजना व्यवस्थापन खर्च | ७,४०,०००।०० |
| | **जम्मा** | **१७,९८,४३,०००।००** | | **जम्मा** | **१७,९८,४३,०००।००** |

# बाँसगढी नगरपालिका कार्यालय
## बाँसगढी, बर्दिया
## आ.व.२०७४/०७५ को आन्तरिक तथा बाह्य स्रोततर्फ आय अनुमान

| कोड नं. | आम्दानी शिर्षकहरु | आ.व ०७२/७३ को यथार्थ आम्दानी | आ.व.२०७३/०७४ को आय अनुमान रु. | आ.व.२०७३/०७४ मंसिर मसान्त सम्मको यथार्थ आम्दानी रु. | आ.व.२०७३/०७४ को संशोधित आय अनुमान रु. | आ.व.२०७४/०७५ को आय अनुमान रु. |
|---|---|---|---|---|---|---|
| **१.स्थानिय कर आम्दानीतर्फ** | | | | | | |
| १.१ | बहाल कर (घर जग्गा) | १८००।०० | ५००००।०० | ८५५।०० | ५०००।०० | १००००।०० |
| १.२ | पेशा व्यवसाय कर | २८६०।०० | ३०००००।०० | ०।०० | ३०००००।०० | ४०००००।०० |
| १.३ | मनोरन्जन कर | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.४ | सवारी कर (वार्षिक तथा दर्ता, नविकरण) | ५००।०० | ५००००।०० | ०।०० | १००००।०० | ३००००।०० |
| १.५ | अटोरिक्सा,रिक्सा ठेला(दर्ता तथा नविकरण) | ०।०० | १००००।०० | ०।०० | ५०००।०० | ५०००।०० |
| १.६ | मालपोत | २०५०२५१।६० | १५०००००।०० | ९१०१४९।१३ | २००००००।०० | ०।०० |
| १.७ | घरकर | ३३३८२०।०० | २५००००।०० | १३२९०६।०० | ३०००००।०० | ०।०० |
| १.८ | बिटौरी कर | ०।०० | ८००००।०० | ०।०० | ४००००।०० | १०००००।०० |
| १.९ | विज्ञापन कर | ०।०० | २००००।०० | ०।०० | २००००।०० | ३००००।०० |
| १.१० | एकिकृत सम्पत्ति कर | ०।०० | ०।०० | ०।०० | ०।०० | ५१०००००।०० |
| | **जम्मा** | **२३८९२३१।६०** | **२२६००००।००** | **१०४३९१०।१३** | **२६८००००।००** | **५६७५०००।००** |
| **२.सेवा शुल्क** | | | | | | |
| २.१ | आय श्रोत प्रमाणित/मुल्यांकन शुल्क | ०।०० | १०००००।०० | ०।०० | ०।०० | ०।०० |
| २.२ | कान्जि हाउस शुल्क | ०।०० | १००००।०० | ०।०० | ०।०० | १००००।०० |
| २.३ | सडक कटान दस्तुर | ०।०० | ५०००।०० | ०।०० | ०।०० | ०।०० |
| २.४ | सवारी पार्किङ सेवा शुल्क | ०।०० | ०।०० | ०।०० | ०।०० | ५००००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.५ | सरसफाई सेवा शुल्क | ०।०० | १०००००।०० | ०।०० | ५००००।०० | ५००००।०० |
| २.६ | शौचालय सेवा शुल्क | ०।०० | २५०००।०० | ०।०० | ०।०० | २५०००।०० |
| २.७ | सडक मर्मत तथा नदि नियन्त्रण शुल्क | ०।०० | २०००००।०० | ०।०० | ०।०० | ०।०० |
| २.८ | अन्य सेवा शुल्क : | | | | | |
| २.८.१ | घर नम्बरिङ शुल्क | ०।०० | ४००००।०० | ०।०० | ०।०० | ०।०० |
| २.८.२ | नक्सा डिजाईन शुल्क | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| २.८.३ | शैक्षिक विकास शुल्क | १५१७२८८।०० | १५०००००।०० | ६७४६०३।०० | २२००००००।०० | २५००००००।०० |
| | **जम्मा** | **१५१७२८८।००** | **१९८००००।००** | **६७४६०३।००** | **२२५००००।००** | **२६३५०००।००** |
| **३.दस्तुर** | | | | | | |
| ३.१ | घर नक्सापास दस्तुर(निवेदन सहित) | ४९४०६६।०० | ४०००००।०० | ४७६०७४।१० | १००००००।०० | १२०००००।०० |
| ३.२ | बक्सौनि तथा सिफारिस दस्तुर | १४६८६७०।०० | १००००००।०० | ५७५६४५।०० | १२५००००।०० | १४०००००।०० |
| ३.३ | नाता प्रमाणित दस्तुर | ०।०० | २०००००।०० | ०।०० | ०।०० | ०।० |
| ३.४ | दर्ता तथा नविकरण दस्तुर : | | | | | |
| ३.४.१ | व्यक्तिगत घटना दर्ता दस्तुर (विलम्व) | १७४६३०।०० | १५००००।०० | ५०१२५।०० | १५००००।०० | १५००००।०० |
| ३.४.२ | संघ संस्था दर्ता तथा नविकरण दस्तुर | ०।०० | १०००००।०० | ०।०० | ०।०० | १००००।०० |
| ३.५ | अन्य दस्तुर : | | | | | |
| ३.५.१ | दरभाउ वा बोलपत्र दस्तुर | ७५२००।०० | २००००।०० | ९००।०० | ४००००।०० | ५००००।०० |
| ३.५.२ | जग्गा दा.खा. नामसारी दस्तुर | ०।०० | १०००००।०० | ०।०० | ०।०० | ०।०० |
| ३.५.३ | बहाल सम्झौता दायित्व परीवर्तन दस्तुर | ०।०० | १००००।०० | ०।०० | ०।०० | ०।०० |
| | **जम्मा** | **२२१२५६६।००** | **१९८००००।००** | **११०२७४४।१०** | **२४४००००।००** | **२८१००००।००** |
| **४.बिक्रि** | | | | | | |
| ४.१ | चालु सम्पत्ती बिक्रि | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ४.२ | स्थायी सम्पती बिक्रि | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | **जम्मा** | **०।००** | **०।००** | **०।००** | **०।००** | **०।००** |
| **५.श्रोत परीचालन** | | | | | | |
| ५.१ | फोटोकपी, फ्याक्स प्रतिलिपि | ०।०० | ५००००।०० | ०।०० | ०।०० | १००००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२ | निवेदन फाराम (परीक्षा दस्तुर समेत) | ११५६२६।०० | ३००००।०० | ०।०० | २५०००।०० | ३००००।०० |
| | **जम्मा** | **११५६२६।००** | **८००००।००** | **०।००** | **२५०००।००** | **४००००।००** |
| **६.अन्य आय** | | | | | | |
| ६.१ | दण्ड जरीवाना | ०।०० | १००००।०० | ०।०० | ५०००।०० | १००००।०० |
| ६.२ | धरौटी जफत | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६.३ | धरौटी फिर्ता | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६.४ | अन्य विविध आय: | | | | | |
| ६.४.१ | अन्य विविध आय: | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६.५ | भाडा तथा बहालबाट आय | | | | | |
| ६.५.१ | भाडा तथा बहाल | ६७०८०।०० | १४००००।०० | ४०९८३।०० | १५००००।०० | १५००००।०० |
| ६.५.२ | ब्याकहो लोडर, टिपर,ट्याक्टर भाडा | २३४६१०।०० | ८०००००।०० | ८३६५०।०० | ५०००००।०० | ८०००००।०० |
| ६..५.३ | माछा पोखरी ठेक्का | १२२७०१।०० | १५००००।०० | ०।०० | १५००००।०० | १५००००।०० |
| | **जम्मा** | **४२४३९१।००** | **११०००००।००** | **१२४६३३।००** | **८०५०००।००** | **१११००००।००** |
| | **आन्तरीक श्रोततर्फको जम्मा** | **६६५९१०२।६०** | **७४००००००।००** | **२९४५८९०।२३** | **८२००००००।००** | **१२२७००००।००** |
| **बाह्य श्रोत** | | | | | | |
| | **नेपाल सरकारबाट अनुदान** | | | | | |
| | निसर्त चालु अनुदान | ४१००००००।०० | ४१००००००।०० | २७००००००।०० | ४१००००००।०० | ४५१०००००।०० |
| | निसर्त पूजीगत अनुदान | ३५६००००००।०० | ३२६००००००।०० | १५००००००० ।०० | ४६०६७०००।०० | ५०६७३०००।०० |
| | सशर्त पूंजिगत अनुदान (कार्यालय भवन निर्माण) | ४००००००००।०० | १००००००००।०० | ४५००००००।०० | १७५००००००।०० | १००००००००।०० |
| | सशर्त पूंजिगत अनुदान(सौर्य सडक बत्ति) | २९५००००।०० | ०।०० | ०।०० | २३६६०००।०० | ३००००००।०० |
| | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)ससर्त चालु अनुदान | ३८४५०००।०० | ३४०००००।०० | ३२०००००।०० | २४६६०००।०० | २५०००००।०० |
| | ससर्त पूँजिगत अनुदान (नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम) | ०।०० | ०।०० | ०।०० | १९१२९०००।०० | २०९६००००।०० |
| | सामाजिक सुरक्षा ससर्त चालु अनुदान | ०।०० | ०।०० | २७२७२०००।०० | ६३००००००।०० | ६५००००००।०० |
| | जगेडा कोष | ०।०० | १००००००००।०० | ०।०० | ०।०० | ०।०० |
| | स्थानीय विकास शुल्क कोष | ८७४३०००।०० | ८७१७०००।०० | ०।०० | ०।०० | ०।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | **५९२३८०००।००** | **६८८१७०००।००** | **४९७९२०००।००** | **१५४६२८०००।००** | **१५६६४३०००।००** |
| **जिविस (राजश्व बाँडफाँड) :** | | | | | | |
| | ढुंगा गिट्टी बालुवा (श्रोत बाडफाड) | ५०००००।०० | ५०००००।०० | ०।०० | ५०००००।०० | ५०००००।०० |
| | घरजग्गा रजिष्टेशन (राजश्व बाडफाड) | ४०२६५९१।२० | ३५०००००।०० | ०।०० | ४००००००।०० | ४४०००००।०० |
| | जिविस योजना अनुदान | ७७४२२९।०० | ५०००००।००० | ०।०० | ५०००००।०० | ५०००००।०० |
| | **जम्मा** | **५३००८२०।२०** | **४५०००००।००** | **०।००** | **५००००००।००** | **५४०००००।००** |
| **अन्य अनुदान :** | | | | | | |
| | शहरी स्वास्थ्य कार्यक्रम | ६०००००।०० | ६२००००।०० | ०।०० | ०।०० | ०।०० |
| | शान्ती समिति | ३६५००।०० | ६००००।०० | ०।०० | ३००००।०० | ३००००।०० |
| | सडक बोर्ड नेपाल | ०।०० | १००००००।०० | ०।०० | ४५०००००।०० | ४५०००००।०० |
| | **जम्मा** | **६३६५००।००** | **१६८००००।००** | **०।००** | **४५३००००।००** | **४५३००००।००** |
| | **बाह्य श्रोत तर्फको जम्मा** | **६५१७५३२०।२०** | **७४९९७०००।००** | **४७७९२०००।००** | **१६४१५८०००।००** | **१६६५७३०००।००** |
| | **गत आ.व.बाट जिम्मेवारी सरी आएको** | **१९५६५२६।६०** | **४०००००।००** | **५०९१४७६।३७** | **५०९१४७६।३७** | **१००००००।००** |
| | **कुल जम्मा आम्दानी** | **७३७९०९४९।४०** | **८२७९७००००।००** | **५७८२९३६६।६०** | **१७७४४९४७६।३७** | **१७९८४३०००।००** |

# बाँसगढी नगरपालिका कार्यालय बाँसगढी, बर्दिया

## कार्यालय संचालन खर्च

### आ.व. २०७३/०७४ को विनियोजन, आ.व. २०७३/०७४ को संशोधित विनियोजन र आ.व.२०७४/०७५ को अनुमानित वजेट

| खर्च शिर्षक नं. | खर्च शिषक | आ.व ०७२।७३ यथार्थ | आ.व.०७३।०७४ को विनियोजन | | | आ.व.०७३।०७४ मंसिर मसान्त सम्मको यथार्थ खर्च | | | आ.व.०७३।०७४ को संशोधित विनियोजन | | | आ.व.०७४।०७५ को विनियोजीत बजेट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नगरपालिका अनुदान | आन्तरीक श्रोत | जम्मा | नगरपालिका अनुदान | आन्तरीक श्रोत | जम्मा | नगरपालिका अनुदान | आन्तरीक श्रोत | जम्मा | नगरपालिका अनुदान | आन्तरीक श्रोत | जम्मा |
| | **चालु खर्चः** | | | | | | | | | | | | | |
| १. | **उपभोग खर्च :** | | | | | | | | | | | | | |
| १.१ | तलब : | | | | | | | | | | | | | |
| १.१.१ | तलब कर्मचारी | ३००८४७७ | ३०००००० | २४००००० | ५४००००० | १७८७४५९ | ६२३३६० | २४१०८१९ | ३०००००० | २८३०००० | ५८३०००० | ३४००००० | ४०००००० | ७४००००० |
| १.१.२ | कर्मचारी कल्याण कोष | १५०००० | ०।०० | २००००० | २००००० | ०।०० | ०।०० | ०।०० | ०।०० | २००००० | २००००० | ०।०० | २१०००० | २१०००० |
| १.१.३ | स्थायी कर्मचारीलाई जीवन बीमा प्रिमियम | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.१.४ | सवारी साधन तेस्रो पक्ष बीमा | ६८०३ | ०।०० | १०००० | १०००० | ०।०० | १०००० | १०००० | ०।०० | १०००० | १०००० | ०।०० | १५००० | १५००० |
| १.२ | भत्ता : | | | | | | | | | | | | | |
| १.२.१ | न.पा कर्मचारी सुविधा | ४८७०१६ | ०।०० | ८००००० | ८००००० | ०।०० | २४३५७०।०० | २४३५७०।०० | ०।०० | ६७०००० | ६७०००० | ०।०० | ८५०००० | ८५०००० |
| १.२.२ | सार्वजनिक विदा र अतिरिक्त काममा खटिने कर्मचारीलाई खानाखाजा खर्च | ५०००० | ०।०० | ५०००० | ५०००० | ०।०० | १००७५।०० | १००७५।०० | ०।०० | ६०००० | ६०००० | ०।०० | १००००० | १००००० |
| १.२.३ | हलुका सवारी चालक मासिक भत्ता | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.२.४ | बैठक भत्ता : | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.४.१ | बोर्ड, समिति, परिषद र प्रतिनिधिको बैठक भत्ता, यातायात र खाजा खर्च | १८२५०० | ०।०० | २५०००० | २५०००० | ०।०० | ३९०५० | ३९०५० | ०।०० | २५०००० | २५०००० | ०।०० | २७५००० | २७५००० |
| १.३ | सरुवा भ्रमण खर्च | ०.०० | ३०००० | ०।०० | ३०००० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ३०००० | ०।०० | ३०००० |
| १.४ | कर्मचारी तालिम | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १.५ | पोशाक | ८२५०० | १५००० | १५०००० | १६५००० | ०।०० | ०।०० | ०।०० | १५००० | १०५००० | १२०००० | १५००० | १५०००० | १६५००० |
| | **जम्मा** | ३९६७२९६ | ३०४५००० | ३८६०००० | ६९०५००० | १७८७४५९ | ९२६०५५ | २७१३५१४ | ३०१५००० | ४१२५००० | ७१४०००० | ३४४५००० | ५६००००० | ९०४५००० |
| २. | **कार्यालय संचालन र सेवा खर्च** | | | | | | | | | | | | | |
| २.१ | पानी तथा बिजुली महशुल | ४९८१५।०६ | ३५००० | ३५००० | ७०००० | ०।०० | ०।०० | ०।०० | ३५००० | ३५००० | ७०००० | ४०००० | ५०००० | ९०००० |
